## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०९-२०८१/०८२

मिति २०८१/१०/०४ समय: दिनको १२:०० बजे

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री दिनेश सारु | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

मिति: २०८१/१०/०४ वैठक संख्या: ०९-२०८१/०८२

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. तह वृद्धि सम्बन्धमा।
३. अन्य विविध।

**निर्णयहरु:**

**निर्णय नं.१** : प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयन प्रकृयामा गएका निर्णयहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई नियमानुसार कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २**: प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कार्यालयको मिति २०८१/०९/१४ प्रकाशित सूचना बमोजिम यस कार्यालयमा तह वृद्धि पाऊँ भनी परेको निवेदन अनुसार पर्न आएका प्रशासन सेवा, प्रशासन र लेखा समुहका ५ बर्षे सेवा अवधि र कार्य सम्पादन मूल्याङ्कनको आधारमा तपसिलका पाँचौ तहका कार्मचारीहरुको मिति २०८१ माघ १ गते देखि जेष्ठता लागू हुने गरी अधिकृत स्तर छैठौं तहमा तह वृद्धि गर्ने निर्णय गरियो।

| क्र.सं. | नाम, थर | सेवा | समुह | साविकको पद, तह | तहवृद्धि गरिएको पद, तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संजय शर्मा | प्रशासन | लेखा | लेखापाल, पाँचौं तह | सहायक लेखा अधिकृत, छैठौं तह | |
| २ | हेमराज शर्मा | प्रशासन | आ.ले.प. | आ.ले.प., पाँचौं तह | सहायक आ.ले.प. अधिकृत, छैठौं तह | |
| ३ | पविता खनाल | प्रशासन | प्रशासन | सहायक पाँचौं, पाँचौं तह | सहायक प्रशासकीय अधिकृत, छैठौं तह | |

**निर्णय नं.३** : प्रस्ताव नं. ३ माथि छलफल गर्दा देहायबमोजिम निर्णयहरु गरियो।

क. यस गाउँपालिकाको आयोजना Ghinatar-Devghat-Deupur Road Upgrading Works (NCB/DRM/ROAD/CN1/2079/080) को कार्यसम्पन्न भएको भन्दै निर्माण व्यावसायी श्री जि.एम.आर.कन्स्ट्रक्सन नेपाल प्रा.लि., माडी-१, चितवनले भुक्तानीको लागि निवेदन पेश गरेकोमा अनुगमन समितिको प्रतिवेदन अनुरुप प्राविधिक नाप जाँच तथा गुणस्तर प्रतिवेदन समेतका आधारमा प्राविधिक मूल्यांकन बमोजिमको रकम सम्बन्धित निर्माण व्यावसायीलाई नियमानुसार रनिङ बिलको रुपमा भुक्तानी गर्न आवश्यक प्रकृया अगाडि बढाउन सर्वसम्मत निर्णय गरियो।

बहादुर थापा

ख. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराको मिति २०८१/०९/२५ पत्र संख्या ०८१/०८२-०३५४८६-१(ङ) चलानी नं. ३३३०१ को पत्र कार्यपालिकामा जानकारी गरियो । सो सम्बन्धमा स्थलगत प्रतिवेदन र राय प्रतिक्रियाको लागि तपसिल बमोजिमको छानविन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| | | | |
|---|---|---|---|
| संयोजक | - | श्री टेक बहादुर आले | (३ नं. वडा अध्यक्ष) |
| सदस्य | - | श्री बाबुराम परियार | (कार्यपालिका सदस्य) |
| सदस्य | - | श्री रोशनी पन्त | (न्यायीक सहजकर्ता) |
| सदस्य | - | श्री तिर्थराज ढुङ्गाना | (इन्जिनियर) |
| सदस्य | - | श्री जीवन गुरुङ | (जिन्सी तथा राजस्व शाखा) |

ग. देवघाट गाउँपालिका स्थित रहेका विभिन्न नदी घाटहरु (चाँप खोला, क्वादी खोला, सेती भतेरी, भुवनटार, बघई) बाट नदीजन्य पदार्थको दिगो तथा वातावरण मैत्री तवरले उत्खनन्,संकलन तथा बिक्री कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने परामर्श दाता श्री अर्किड प्लानर्स, भरतपुर चितवनद्वारा पेश गरिएको अन्तिम प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

घ. देवघाट गाउँपालिकाको आ.व.२०८०/०८१ को सामाजिक परिक्षण र लैंगिक समानता तथा सामाजिक समावेशिकरणको अवस्थाको अध्ययन तथा परीक्षण गर्न जिम्मा पाएको श्री ह्याप्पी स्ट्रिंग एडभाईजर्स प्रा.लि., वेनी म्याग्दीद्वारा पेश गरेको सो सम्बन्धी अन्तिम प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

ङ. देवघाट गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा भएको सडक मर्मत,सरसफाइ तथा विपद सम्बन्धी कार्यको प्राविधिक मूल्यांकन एवं सम्बन्धित वडाबाट प्राप्त कार्य सम्पन्न र भुक्तानी सिफारिसको आधारमा भुक्तानी गर्न गाउँकार्यपालिकालाइ निर्देशन गर्ने निर्णय गरियो ।

च. देवघाट गाउँपालिका अन्तर्गत बसोबास गर्ने बोटे समुदायको आर्थिक विकासका लागि होमस्टे संचालन सम्बन्धी सम्भाव्यता सम्बन्धी अध्ययन गर्न जिम्मेवार प्राप्त संस्था श्री मिशन पब्लिक मिडिया प्रा.लि., रुपन्देहीद्वारा पेश गरिएको अन्तिम प्रतिवेदन सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो ।

छ. यस देवघाट गाउँपालिकाको कार्यक्षेत्र अन्तर्गतका घाटहरुबाट नदिजन्य पदार्थ ढुंगा,गिट्टी बालुवा आदि उत्खनन,संकलन तथा बिक्री व्यवस्थापन गर्ने सम्बन्धमा राजस्व परामर्श समितिको सिफारिस समेतको आधारमा देहायका घाटहरुबाट निम्नानुसारको परिमाण बमोजिम हुने गरि इबिडिङ मार्फत आय ठेक्का बन्दोबस्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

निम्नः

अ. क्वादी खोला बगर : स्विकृत IEE प्रतिवेदनले औंल्याएको परिमाणको ६२.५०% न्यून कायम गर्ने ।

आ. चाँप खोला बगर : स्विकृत IEE प्रतिवेदनले औल्याएको परिमाणको ६[illegible]% न्यून कायम गर्ने ।

तिल बहादुर थापा
अध्यक्ष

देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

ज. यस देवघाट गाउँपालिकाद्धारा गाउँपालिका क्षेत्रहरुमा लागू हुने गरि चालु आ.व. २०८१/८२ का लागि साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरि इच्छुकबाट आवेदन माग गरिएकोमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सुन्तलाजात फलफूल बालीमा साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा प्राविधिक समितिबाट प्राथमिकतामा पहिलो र दोस्रो नम्बरमा सिफारिस भएका निम्न कृषक समूहहरूको आवेदन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ४ को ४.१.९.१ (च) को प्रायोजनार्थ कार्यक्रम सञ्चालनार्थ स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.सं. | समूह/सहकारीको नाम | ठेगाना | सम्पर्क व्यक्ति | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | लालीगुँरास कृषक समूह | देवघाट २ | अनिल गुरुङ | 9862446606 |
| 2 | ज्यामिरे कृषि तथा पशुपन्छी कृषक समूह | देवघाट ४ | वृषलाल गुरुङ | 9765204864 |

झ. प्रस्तुत बिषयमा यस गाउँपालिकाको आयोजना ***Construction Of Devghat Rural Municipality Ward No.1 Office Building*** (ठेक्का नं. NCB/DRM/BLDG/08/2079/080) को खरिद कार्य गर्नको लागि ठेक्का बन्दोबस्त मार्फत मिति २०७९।१०।२२ मा निर्माण व्यावसायी श्री हिमगंगा बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.मध्यपुर ठिमि-१० भक्तपुर सँग रु.९८,२३,९७०।०० ( भ्याट तथा पिस समेत ) मा सम्झौता भई आयोजना कार्यान्वयन प्रकृयामा रहेको सन्दर्भमा प्राविधिक नापजाँच तथा मूल्यांकन बमोजिमको रकम सम्बन्धित निर्माण व्यावसायीलाई रनिङ बिल स्वरुप उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

देवघाट गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३